नेपाल गजेट

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, ज्येष्ठ २५ गते २०२२ साल

श्री ५ को सरकार

गृह मन्त्रालयको

सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ (संशोधनहरू सहित) को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

निम्नलिखित मुद्दाहरू निम्नलिखित अदालतबाट झिकी हेरी कारवाइ किनारा लगाउन काठमाडौं विशेष अदालतलाई सुम्पेको छः–

१) वादी मिश्रीमाया था. श्रेष्ठिनी र प्रतीवादी कृष्णकुमार भएको अंश दिलाइपाऊँ भन्ने भक्तपुर जिल्ला अदालतमा दायर रहेको मुद्दा ।

२) वादी ईश्वरीदेवी प्र. लालबहादुर मल्ल भएको बिगो भराइपाऊँ भन्ने काठमाडौं जेस्ता तहसीलमा दायर रहेको मुद्दा ।

३) वादी पूर्णराजेश्वरीको र प्र. दुर्गाबहादुर मल्लसमेतको अंश कैरकाप मुद्दा र ले. गजेन्द्र–बहादुरको अंश मुद्दा सम्बन्धमा बाग्लुङ्ग जिल्ला अदालतमा दायर रहेका मुद्दाहरू ।

आज्ञाले–

सरदार विष्णुमणि आचार्य,

श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

९३८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।